# नेपाल सरकार र निजामती कर्मचारी सम्बद्ध संस्थाहरू बीच भएको सहमति

**२०६४ जेष्ठ १७ र आषाढ ८ मा भएका वार्ताहरूको आधारमा २०६४ आषाढ १० गते भएको सहमति**

नेपाल सरकारको वार्ताटोली र निजामती कर्मचारी सम्बद्ध संस्थाहरूका प्रतिनिधिबीच निजामति कर्मचारीहरूका माग सम्बन्धमा देहाय बमोजिम सहमति गरिएको छ ।

१. निजामति कर्मचारीको पदोन्नतिलाई सुनिश्चित गर्न सामान्य प्रशासन सचिवको संयोजकत्वमा २०६४ जेठ २३ मा गठित कार्यदलको प्रतिवेदन अनुसार संसदमा विचाराधिन विधेयकलाई परिमार्जन गरी ०६४ आषाढ मसान्तसम्म पारित गराई तत्काल कार्यान्वयन गराउन सरकारको तर्फबाट पहल गर्ने प्रतिवद्धता जाहेर गरिएको छ ।

२. उच्चस्तरीय तलब आयोग २०६१ को प्रतिवेदन र ०६४ जेष्ठ २३ मा गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा राजस्व वृद्धिलाई आधार मानी ०६४/०६५ आ.ब. को शुरूदेखिनै नयाँ तलबमान कायम गरी राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि गर्ने ।

३. कम्तिमा शाखा अधिकृत सम्मका कर्मचारी आबद्ध हुने गरी विचाराधिन निजामती सेवा ऐनमा उपयुक्त कानूनी व्यवस्था गरी निजामती कर्मचारीलाई ट्रेड यूनियन अधिकार प्रदान गर्ने । ट्रेड यूनियन श्रम तथा रोजगार प्रबर्द्धन विभागमा दर्ता गर्न कानूनी व्यवस्था मिलाउने ।

४. कर्मचारीहरूको सुरक्षाको विषयलाई गंभिरतापूर्वक लिई सरकारले भरपर्दो सुरक्षा प्रबन्ध मिलाउने ।

५. उपरोक्त सहमतिको आधारमा आन्दोलनरत कर्मचारीका तर्फबाट घोषित आन्दोलनका कार्यक्रमहरू आजैबाट फिर्ता लिएको घोषणा गरिएको छ ।

..............................
विष्णु प्रसाद लामिछाने
का.वा. अध्यक्ष
नेपाल निजामति कर्मचारी
संगठन

..............................
रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ताटोली
मन्त्री
शान्ति तथा पुनर्निर्माण
मन्त्रालय

..............................
रूद्र खनाल
का.वा. अध्यक्ष
नेपाल निजामति कर्मचारी
यूनियन

..............................
रूक्म लामिछाने
अध्यक्ष
नेपाल राष्ट्रिय कर्मचारी
संघठन

मिति : २०६४/०३/१०

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com